नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००३०९
४२००२८१



पत्र संख्याः-

चलानी नं.ः-

## शुभकामना सन्देश

जनताका इच्छा र आकाङ्क्षाहरू जनप्रतिनिधि मार्फत राज्यका नीति, ऐन/कानून र कार्यक्रमहरूमा प्रतिविम्बित हुने र तिनीहरूको कार्यान्वयनमा निजामती कर्मचारीको अहम् भूमिका हुने विषय जगजाहेर नै छ। विश्व प्रसिद्ध जर्मन समाजशास्त्री एवम् दार्शनिक म्याक्स वेबरले जसरी एक संवेदनशील र नियम कानूनमा आधारित आदर्श कर्मचारीतन्त्रको परिकल्पना गरे सो बमोजिम आफूलाई प्रमाणित गर्न स्वयं कर्मचारीवर्गले नै आफ्नो विवेक र सामर्थ्यलाई प्रयोग गर्नुपर्ने हुन्छ। आज सत्रौं निजामती कर्मचारी दिवसको यस महत्त्वपूर्ण अवसरमा आफ्नो मर्यादालाई अक्षुण राख्दै देश र जनताप्रति समर्पित सम्पूर्ण निजामती राष्ट्रसेवक कर्मचारीहरूलाई आफ्नो कर्तव्यपथमा अविचलित यात्रीको रूपमा अटल रहन म हार्दिक शुभकामना व्यक्त गर्दछु।

सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको अवलम्बन पश्चात् हामीलाई निजामती कर्मचारीहरूको सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गर्ने चुनौती थियो, जसको सम्बोधन हामीले गरिसकेका छौँ। साथै सङ्घीय तहका कतिपय ऐन, कानूनहरू निर्माण तथा प्रदेश र स्थानीय तहका नमूना कानून र मापदण्ड तर्जुमाको कार्य भइरहेको छ। यसैगरी राज्यबाट प्रवाह गरिने सेवामा आम-नागरिकको सहज पहुँच सुनिश्चित गरी दिगो शान्ति, सुशासन र विकास हासिल गर्नमा निजामती कर्मचारीको क्रियाशीलता अपरिहार्य र महत्त्वपूर्ण हुन्छ। आफ्नो भूमिका बमोजिमको जिम्मेवारीबोध र कर्तव्यको पालना हरेक निजामती कर्मचारीको आत्मगौरव र सम्मानको विषयवस्तु हो। परिवर्तनका हरेक घडीहरूमा आफ्ना गुनासाहरूलाई थाती राखेर राष्ट्रसेवामा संलग्न रहन तथा देश र जनताप्रतिको आफ्नो दायित्व निर्वाहमा उच्च मनोबल र उत्प्रेरणाका साथ लागिरहन म समस्त राष्ट्रसेवक कर्मचारीहरूमा आह्वान गर्दछु।

व्यक्तिगत जीवनमा मात्र नभएर राष्ट्रिय जीवनमा समेत यदाकदा विपत्ति र महामारी जस्ता पूर्व अनुमान नगरिएका परिस्थितिहरूको सामना गर्नुपर्ने हुन्छ। कोरोना महामारीको कारण हाम्रो राष्ट्र मात्र नभएर सिङ्गो विश्व नै आक्रान्त बनिरहेको वर्तमान विषम परिस्थितिको सन्दर्भमा जनतालाई पुऱ्याउनु पर्ने सेवामा संलग्न रहने कर्मचारीहरूको लगाव र सेवाप्रतिको समर्पणभावको उच्च प्रशंसा गर्दै आफ्नो व्यक्तिगत सुरक्षा र सावधानीमा समेत सचेत रहन आह्वान गर्दछु। राज्यको इच्छालाई साकार तुल्याउने तथा राज्यलाई नागरिकको घर दैलोमा पुऱ्याउने माध्यम निजामती सेवा भएकोले आफ्नो पेशागत दक्षता र क्षमताको पूर्ण उपयोग गरी जनताको अधिकतम सन्तुष्टिका लागि क्रियाशील रहन तथा जनस्तरबाट निजामती सेवा माथि उठेका प्रश्नहरूप्रति सचेत रही आफ्नो चारित्रिक शुद्धता कायम राख्ने जिम्मेवारी स्वयम् आफैँले ग्रहण गर्न समेत म आह्वान गर्दछु।

अन्त्यमा, कर्तव्यबोध र चित्तशुद्धि सहित सेवा प्रवाहमा सक्रिय रही जनअपेक्षा अनुरूप कार्य गर्न आग्रह गर्दछु। निजामती सेवामा संलग्न सम्पूर्ण राष्ट्रसेवकले सेवा प्रवाह गर्ने क्रममा स्वच्छता, पारदर्शिता, व्यावसायिकता एवम् जवाफदेहिता जस्ता आधारभूत पक्षलाई आत्मसात् गर्नु जरुरी हुन्छ। अतः यस पटकको निजामती सेवा दिवसको नारा "स्वच्छ र सक्षम निजामती प्रशासन, समृद्धि र सुशासन" को भाव बमोजिम क्रियाशील रहन सबैमा शुभकामना व्यक्त गर्दछु।

२२ भदौ, २०७७

सूर्यप्रसाद गौतम
सचिव